# परियोजनाको विशेषताहरू

| | |
|---|---|
| **परियोजनाको नाम:** | नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता वृद्धिका लागि जलाधार व्यवस्थापन (MaWRiN) परियोजना |
| **परियोजनाको अवधि:** | १५ अगष्ट २०२४ देखि १४ अगष्ट २०३० (६ वर्ष) |
| **GEF कोषको किसिम:** | कम विकसित मुलुकहरूका लागि कोष (Least Developed Countries Fund–LDCF) |
| **डब्लू. डब्लू. एफ. GEF निकाय:** | डब्लू. डब्लू. एफ., नेपाल (WWF Nepal) |
| **राष्ट्रिय परियोजना कार्यान्वयन निकाय:** | नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, काठमाडौं |
| **परियोजना कार्यान्वयन साझेदार निकाय:** | बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, नेपाल |
| **परियोजना कार्यक्षेत्र :** | मरिण जलाधार |
| **परियोजनाको बजेट:** | ९०,२४,३१२ अमेरिकी डलर |

## पृष्ठभूमि र परिचय

जलवायु परिवर्तन विश्वव्यापी चुनौती हो तर यसको प्रभाव स्थानीय स्तरमा असमान छ। कम विकसित मुलुकहरू (Least Developed Countries – LDCs), विशेषगरी नेपाल यसबाट अझ धेरै प्रभावित छन्। नेपाल कृषिप्रधान देश हो र मनसुनमा निर्भर कृषि, भौगोलिक जटिलता, गरिबी र जलवायु-संवेदनशील क्षेत्रहरू (जस्तै कृषि र जलस्रोत) मा ठूलो निर्भरताले यसलाई जोखिमपूर्ण बनाएको छ। यसको प्रत्यक्ष असर दिगो विकासमा देखापरिरहेको छ। जसले नेपालको सामाजिक, आर्थिक र पर्यावरणीय क्षेत्रहरूमा दीर्घकालीन चुनौती सिर्जना गरिरहेको छ।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयद्वारा सन् २०२१ मा तयार पारिएको संकटासन्नता तथा जोखिम नक्सांकन र अनुकूलनका विकल्पहरू पहिचान प्रतिवेदन अनुसार, सिन्धुली जिल्ला (मध्य पहाड र चुरे क्षेत्रमा अवस्थित) जलवायु परिवर्तनको दृष्टिकोणले अति संवेदनशील जिल्लामा पर्दछ। सो प्रतिवेदनले वन, जैविक विविधता र जलस्रोत व्यवस्थापनका हिसाबले पनि सिन्धुलीलाई अत्यन्त उच्च संवेदनशील क्षेत्रको रूपमा प्रस्तुत गरेको छ। सिन्धुली जिल्लाभित्र पर्ने मरिण जलाधार (जहाँ मरिण र क्यान नदीहरू बग्छन्) पहिरो, बाढी, वनडढेलो र खडेरीजस्ता जलवायुजन्य जोखिमहरूबाट विशेष रूपमा प्रभावित हुँदै आएको छ।

स्थानीय र आदिवासी समुदायहरू मुख्यतः निर्वाहमुखी (Subsistence) कृषि प्रणाली, न्यून जलवायु अनुकूलन क्षमता र हालका दिनहरूमा जलवायु परिवर्तनका कारण जलवायुजन्य जोखिमहरूमा आवृत्ति र तीव्रतामा वृद्धिले समुदायहरूको कार्यबोझ बढाउनुका साथै जीविकोपार्जनमा चुनौती थपेको छ। यस्ता चुनौतीहरू समाधान गर्नका लागि जलवायु परिवर्तन अनुकूलनलाई एकीकृत जलाधार व्यवस्थापन अवधारणामार्फत अघि बढाउनु आवश्यक देखिएको छ। यही सन्दर्भमा, "नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता वृद्धिका लागि जलाधार व्यवस्थापन (Managing Watersheds for Enhanced Resilience of Communities to Climate Change in Nepal – MaWRiN Project)" परियोजना सञ्चालनमा ल्याइएको हो। यस परियोजनाको मुख्य उद्देश्य स्थानीय तथा आदिवासी समुदायहरूको जलवायु उत्थानशीलता वृद्धि गर्नु हो।

परियोजनामा डब्लू. डब्लू. एफ. नेपाल (WWF Nepal) को प्राविधिक सहयोगमार्फत ग्लोबल ईन्वाइरन्मेन्ट फेसिलिटी (GEF) को आर्थिक सशर्त अनुदानमार्फत नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (राष्ट्रिय परियोजना कार्यान्वयन निकाय) र बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, नेपाल (कार्यान्वयन साझेदार) को रूपमा सञ्चालित परियोजना हो।

## उद्देश्य र योगदान क्षेत्रहरू

प्रकृतिमा आधारित समाधानका उपायहरू (Nature–based Solutions–NbS) र जीविकोपार्जन विविधीकरण (Livelihood Diversification) मार्फत मरिण जलाधार क्षेत्रका आदिवासी जनजाति र स्थानीय समुदायहरूको जलवायु उत्थानशीलता बढाउनु हो।

**योगदान क्षेत्र १: जलवायु परिवर्तनलाई मूलप्रवाहीकरण गर्न सक्षम वातावरण निर्माण गर्ने।**

स्थानीय तह र अन्य प्रमुख स्थानीय निकायहरूको क्षमता विकास, स्थानीय योजनाहरू र नीतिहरूमा जलवायु परिवर्तन अनुकूलन रणनीतिहरू र कार्यहरूलाई मूलप्रवाहीकरण गर्ने र जलाधारस्तरमा जलवायु परिवर्तन अनुकूलनका विषयमा संवाद र सहकार्यका लागि बहु-सरोकारवाला संरचना स्थापना गर्ने।

**योगदान क्षेत्र २: स्थानीय समुदायको जलवायु परिवर्तनप्रतिको उत्थानशीलता वृद्धि गर्ने।**


समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापनमार्फत, जस्तैः समुदायद्वारा पहिचान गरिएका क्रियाकलापहरू, दिगो र जलवायुमैत्री कृषि तथा पशुपालन अभ्यासहरूमा सहयोग र विस्तार, पानी व्यवस्थापनमा सुधार, सामुदायिक र कबुलियती वनहरूको व्यवस्थापन सुदृढीकरण साथै जलवायु परिवर्तनको प्रभाव र जोखिम जस्तै बाढी, पहिरो, खडेरी, वन डढेलो आदि घटाउन प्रकृतिमा आधारित समाधानका उपायहरू (NbS) कार्यान्वयन गर्ने।

**योगदान क्षेत्र ३: अनुगमन, मूल्यांकन र सिकाइ/ज्ञान व्यवस्थापन।**

परियोजनाको नियमित प्रगतिलाई अनुगमन, सिकाइ र उत्कृष्ट अभ्यासहरू संकलन तथा विश्लेषण, ज्ञान विकास, अभिलेखीकरण तथा प्रसार जसले योगदान क्षेत्र १ र २ का परिणामहरूलाई सुदृढ पार्नुका साथै परियोजनाको विस्तार, अपनत्व र दिगोपनाको आधार तयार पार्ने।

## कार्यक्षेत्र

परियोजना नेपालको बागमती प्रदेशअन्तर्गत सिन्धुली जिल्लाको कमलामाई नगरपालिका (१, २, ४ र ५ को पानी ढलो), घ्याङलेक गाउँपालिका (१ देखि ३ सम्मको पानी ढलो), मरिण गाउँपालिका (१ देखि ७ सम्मको पानी ढलो) र हरिहरपुरगढी गाउँपालिका (२, ४ देखि ८ सम्मको पानी ढलो) रहेको छ। यस जलाधारको क्षेत्रफलः ७०,००० हे. रहेको छ भने मुख्य खोलाहरूः मरिण र क्यान खोला रहेका छन्।




चित्र नं. १: मरिण परियोजनाको कार्यक्षेत्र

## अपेक्षित उपलब्धिहरू

**उपलब्धि** १.१: स्थानीय योजनाहरू र नीतिहरूमा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्ने ज्ञान, सीप र क्षमता अभिवृद्धि

**प्रतिफल** १.१.१: सामुदायमा आधारित संस्थाहरू (CBOs), भू तथा जलाधार व्यवस्थापन कार्यालय, डिभिजन तथा सव डिभिजन वन कार्यालय, गाउँपालिका, नगरपालिका र सम्बन्धित प्रादेशिक कार्यालयहरूलाई जलवायु परिवर्तनका प्रभाव र जोखिम मूल्यांकनका विधिहरूसम्बन्धी तालिम र भ्रमण मार्फत जलवायु परिवर्तन अनुकूलन (CCA) लाई नीति तथा योजनाहरूमा मूलप्रवाहीकरण गर्ने।

**प्रतिफल** १.१.२: मरिण जलाधारका चार गाउँपालिका तथा नगरपालिकाका पानी, कृषि, वन तथा ग्रामीण विकास र व्यवस्थापनका लागि जलवायु अनुकूल नीति र योजना निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले समुदाय र नगरपालिकाको सहभागितामा जलवायु परिवर्तन अनुकूलन (CCA) मूलप्रवाहीकरण सम्बन्धी निर्देशिका तयार गर्ने। यी निर्देशिकाहरूलाई जलाधार, वन र पालिका योजना निर्माण प्रक्रियामा एकीकरण गर्ने।

**प्रतिफल** १.१.३: एकीकृत जलाधार व्यवस्थापनको अवधारणामा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरणका लागि मरिण जलाधारस्तरीय बहु-सरोकारवालाहरूको साझा मञ्च स्थापना गर्ने।

**उपलब्धि** २.१: जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरूको अनुकूलन क्षमतामा वृद्धि।

**प्रतिफल** २.१.१: कृषि, पशुपालन र पानी व्यवस्थापनका लागि जलवायु अनुकूलन प्रविधि र अभ्यासहरू प्रस्तुत र प्रदर्शन गर्ने।

**उपलब्धि** २.२: प्रकृतिमा-आधारित समाधानहरू (NbS) का उपायहरू मार्फत समुदायको जीविकोपार्जनका स्रोत र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू न्यूनीकरण गर्ने।

**प्रतिफल** २.२.१: भू-क्षय, थेग्रीकरण, बाढी र वन डढेलोजस्ता जलवायुजन्य विपद् जोखिमहरू न्यूनीकरण गर्न सामुदायिक तथा कबुलियती वनहरूको व्यवस्थापन सुदृढ गरिनुका साथै जोखिमयुक्त जलाधार क्षेत्रहरूको पुनर्स्थापना र संरक्षण गर्ने।

**उपलब्धि** ३.१: परियोजनाको अनुगमन, मूल्याङ्कन र सिकाइ प्रक्रिया मार्फत अनुकूली व्यवस्थापन (Adaptive Management), विस्तार र दिगोपन कायम राख्न सक्षम बनाउने।

**प्रतिफल** ३.१.१: परियोजना क्रियाकलापहरूलाई विस्तार र सक्षम बनाउन ज्ञान र सिकाइहरू अभिलेखीकरण, विकास र वितरण गर्ने।

**प्रतिफल** ३.१.२: अनुगमन तथा मूल्याङ्कन (M&E) मार्फत परियोजनाको प्रगति प्रभावकारी रूपमा मापन गर्ने।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI)

परियोजनाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई आफ्ना सबै क्रियाकलाप, प्रक्रिया र प्रणालीमा मूलप्रवाहीकरण (Mainstreaming) गर्दै परियोजना क्षेत्रका महिलाहरू, गरिब, अपाङ्गता भएका व्यक्ति, आदिवासी, जनजाति तथा अन्य सीमान्तकृत समुदायहरूको विशिष्ट आवश्यकता तथा अवस्था पहिचान गर्ने र सम्बोधन गर्ने लक्ष्य लिएको छ।

परियोजनाको योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा लैङ्गिक तथा सामाजिक समावेशी विषयहरूलाई व्यवस्थित रूपमा समावेश गर्न "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विश्लेषण तथा कार्य योजना (GESI Analysis and Action Plan)" तयार पारिएको छ। उक्त कार्ययोजनाको कार्यान्वयन मार्फत महिलाहरू, दलित, आदिवासी जनजाति, गरिब, अपाङ्गता भएका व्यक्तिहरू तथा अन्य सीमान्तकृत समूहहरूलाई परियोजनाबाट प्रत्यक्ष लाभान्वित हुने अवसर सुनिश्चित गरिनेछ। यसरी, परियोजनाले केवल सहभागिता सुनिश्चित गर्ने मात्र होइन, महिलाहरू तथा अन्य सीमान्तकृत समूहहरूको सार्थक र प्रभावकारी सहभागिता, निर्णय प्रक्रियामा पहुँच र दिगो लाभ सुनिश्चित गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विश्लेषण तथा कार्य योजना, वातावरणीय तथा सामाजिक अनुगमन, प्रक्रिया र आदिवासी जनजाति योजना तर्जुमा ढाँचासमेत कार्यान्वयन गरिनेछ।

## वातावरणीय तथा सामाजिक सुरक्षाका मापदण्ड

परियोजनाले वातावरणीय तथा सामाजिक सुरक्षाका मापदण्ड सुनिश्चित गर्न "Safeguards Integrated Policies and Procedures (SIPP)" अन्तर्गत तीनवटा प्रमुख ढाँचा (Frameworks) स्थापना गरेको छः

**वातावरणीय तथा सामाजिक अनुगमन ढाँचा (Environmental and Social Monitoring Framework – ESMF)**: यसले परियोजनाबाट सिर्जना हुने वातावरणीय तथा सामाजिक जोखिम र प्रभावहरू पहिचान गरी तिनीहरूको व्यवस्थापन सुनिश्चित गर्छ, साथै न्यूनीकरण उपायहरूको कार्यान्वयनमा अनुपालन सुनिश्चित गराउँछ।

**प्रक्रिया ढाँचा (Process Framework – PF)**: यसले परियोजना गतिविधिहरूको पहिचान, डिजाइन, कार्यान्वयन तथा अनुगमनमा समुदायको सहभागिता सुनिश्चित गर्न मार्गनिर्देशन प्रदान गर्छ साथै सामाजिक न्यूनीकरण उपायहरू तयार पार्न र कार्यान्वयन गर्न समुदायलाई सशक्त बनाउँछ।

**आदिवासी जनजाति योजना ढाँचा (Indigenous Peoples Planning Framework – IPPF)**: परियोजनाको सम्पूर्ण अवधिमा आदिवासी जनजाति समुदायहरूसँग समावेशी तथा सम्मानजनकरूपमा संलग्न हुन आवश्यक सिद्धान्तहरू, प्रक्रियाहरू र संस्थागत व्यवस्था निर्धारण गर्दछ। परियोजनाका गतिविधिहरू स्थान-विशेषमा केन्द्रित हुने भएकाले सम्बन्धित सरोकारवाला पक्षहरूका लागि सम्भावित वातावरणीय तथा सामाजिक प्रभावहरू पहिचान गरी ESMF, PF, तथा IPPF अनुरूप प्रभावकारी रूपमा न्यूनीकरण उपायहरू कार्यान्वयन गरिनेछ।

## गुनासो व्यवस्थापन प्रणाली

परियोजनाले समस्या तथा गुनासोहरूलाई पारदर्शी, सहज पहुँचयोग्य र समयमै समाधान गर्ने पूर्ण प्रतिबद्धता व्यक्त गरेको छ। यसका लागि सबै सरोकारवालाहरू, विशेष गरी स्थानीय समुदायहरूलाई सुन्ने र परियोजनाका गतिविधिसँग सम्बन्धित कुनै पनि समस्या वा असमझदारीलाई सहजरूपमा समाधान गर्ने उद्देश्यले गुनासो व्यवस्थापन प्रणाली (Grievance Mechanism) स्थापना गरिएको छ। परियोजनाले गुनासो, समस्या र सुझावहरू प्राप्त गर्नका लागि विभिन्न सञ्चार माध्यमहरू विकास गरेको छ, जुन प्रमुख रूपमा निम्न छन्ः

- http://mawrin.bagamati.gov.np
- mawrin.mofe@bagamati.gov.np
- +९७७-४७-५९०००९
- **सुझाव पेटिका**: परियोजना व्यवस्थापन कार्यालयमा उपलब्ध छ।



©WWF Nepal/Nabin Dhungana

## परियोजनाको कार्यान्वयन प्रक्रिया

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (राष्ट्रिय परियोजना कार्यान्वयन निकाय), बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालय (परियोजना कार्यान्वयन साझेदार), तथा डब्लू. डब्लू. एफ. नेपाल (प्राविधिक सहयोग) को साझेदारीमा यो परियोजना सञ्चालित छ। परियोजनाका गतिविधिहरू भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछाप, र डिभिजन वन कार्यालय, मरिण तथा सिन्धुलीमार्फत कार्यान्वयनमा रहेको छ।

## थप जानकारीको लागि सम्पर्क:

**परियोजना व्यवस्थापन इकाई**
**कमलामाई नगरपालिका-६, शान्तिनगर, सिन्धुली माडी**

- +९७७-४७-५९०००९
- mawrin.mofe@bagamati.gov.np
- http://mawrin.bagamati.gov.np



©WWF Nepal/Nabin Dhungana

# नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता वृद्धिका लागि जलाधार व्यवस्थापन परियोजना



©WWF Nepal/Nabin Dhungana

# Managing Watersheds for Enhanced Resilience of Communities to Climate Change in Nepal (MaWRiN) Project

## KEY FEATURES

| | |
|---|---|
| Project Title: | Managing Watersheds for Enhanced Resilience of Communities to Climate Change in Nepal (MaWRiN) Project |
| Project Duration: | 15 August 2024 - 14 August 2030 |
| GEF Trust Fund: | Least Developed Countries Fund (LDCF) |
| WWF GEF Agency: | WWF Nepal |
| Project Executing Agency: | Ministry of Forests and Environment (MoFE), Kathmandu |
| Project Executing Partner: | Ministry of Forests and Environment (MoFE), Bagmati Province, Hetauda |
| Project Areas: | Marin Watershed |
| GEF Project Cost: | US$ 9,024,312 |
| Project Co-Financing: | US$ 26,820,917 |

## CONTEXT AND INTRODUCTION

Climate change is a global issue with localized and often disproportionate impacts, particularly affecting Least Developed Countries (LDCs) like Nepal. As a least developed, agrarian nation reliant on monsoons and characterized by fragile geography, Nepal is highly exposed to climate risks that hinder its development. Its rugged terrain, economic dependence on climate-sensitive sectors (such as agriculture and water), and high levels of poverty further amplify its vulnerability, making climate action urgent for sustainable growth.

The Government of Nepal's vulnerability and risk mapping and identifying adaptation options report identify Sindhuli-located in the Middle Hill and Churia regions-as highly vulnerable to climate change, with very high sensitivity in forests, biodiversity, and watershed management. Within Sindhuli, the Marin Watershed (encompassing the Marin and Kyan rivers) faces severe exposure to multiple climate risks and hazards, including landslides, floods, forest fire, and droughts. The indigenous and local communities in this area, who depend on subsistence agriculture, exhibit high sensitivity and low adaptive capacity to these risks and hazards. In recent years, the increasing intensity and frequency of climate-induced events have further exacerbated these challenges, increasing hardships for vulnerable populations. To address these issues, the "Managing Watersheds for Enhanced Resilience of Communities to Climate Change in Nepal (MaWRiN) Project" adopts an integrated watershed approach. By tackling these vulnerabilities and hardships, the project aims to strengthen the long-term climate resilience of indigenous and local communities.

Funded by the Global Environment Facility (GEF), the project is implemented through an agreement between the World Wildlife Fund (WWF) (WWF GEF Agency) and the Ministry of Forests and Environment (Project Executing Agency), Government of Nepal, and the Ministry of Forests and Environment, Bagmati Province (Project Executing Partner).

## OBJECTIVE

The objective of the project is "To enhance climate resilience of Indigenous people and local communities in the Marin watershed through nature-based solutions and livelihood diversification". The project's objective will be achieved through the following three inter-connected components:

Component 1: Enabling environment for mainstreaming climate change through development of capacity of the municipalities and other key local agencies to assess and understand climate risks and vulnerabilities, and accordingly mainstream climate change adaptation strategies and actions in local policies and plans. Also, through the establishment of a multi-stakeholder platform for dialogue and coordinated actions on climate change adaptation at the watershed level.

Component 2: Enhanced Resilience of Local Communities to Climate Change through a) community-based natural resource management such as community identification of adaptation interventions, support and demonstration of sustainable and climate-resilient agriculture and livestock practices, improved water management, strengthened management of community and leasehold forests, and b) Nature-based Solutions (NbS) that reduce climate impacts and risks.

Component 3: Monitoring, evaluation and knowledge management, through tracking of project progress on a regular basis; garnering and analysis of lessons and good practices; and development and dissemination of knowledge that reinforces project results from components 1 and 2, providing sound basis for their replication, adaptation and sustainability.

## PROJECT AREA

The project area, Marin watershed, has a total area of about 70,000 hectares (ha), and is made up of two main rivers, Marin and Kyan, and numerous catchments with feeding rivulets and creeks. It occupies the midwestern part of Sindhuli district, one of the climate vulnerable districts under Bagmati Province (Fig. 1.). The Marin River originates in the Churia hills and flows through four municipalities–Kamalamai Municipality (wards no. 1,2,4 and 5), Ghyanglekh Rural Municipality (wards no. 1-3), Marin Rural Municipality (wards no. 1-7) and Hariharpur Gadhi Rural Municipality (wards no. 2 and 4-8) – in the Sindhuli district.





Fig. 1. MaWRiN Project Area

## EXPECTED OUTCOMES

Outcome 1.1: Improved understanding, knowledge and capacity to mainstream climate change adaptation in local plans and policies.

Output 1.1.1: Training and exchange visits for community-based organizations (CBOs), soil and watershed management office, division and subdivision offices, municipalities and relevant provincial officials on climate change impacts and risks assessment tools and methods for mainstreaming CCA in all sectors and municipal plans in an integrated approach.

Output 1.1.2: CCA-integration guidelines developed with communities and municipalities to support and formulate climate-responsive policies and plans on water, agriculture, forestry, and rural development for four municipalities in the Marin watershed, and integrated in the watershed, forestry, and municipal planning process.

Output 1.1.3: Multi-stakeholder platform established in the Marin watershed to drive the mainstreaming of adaptation in an integrated watershed approach.

Outcome 2.1: Increased adaptive capacity of vulnerable households in the Marin Watershed to climate-induced disasters such as landslides, floods, droughts, and forest fire.

Output 2.1.1: Climate-adaptive technologies and practices for agriculture, livestock management and water management introduced and demonstrated.

Outcome 2.2: Nature based Solutions (NbS) reduce climate-induced vulnerabilities of community livelihood resources and assets.

Output 2.2.1: Management of community and leasehold forests strengthened, and critical catchment areas rehabilitated and protected for reduced vulnerability to climate-induced disaster risks such as landslides, sedimentation, flooding and forest fires.

Outcome 3.1: Project monitoring, evaluation, and learning to enable adaptive management, replication and sustainability.

Output 3.1.1: Knowledge products are developed and disseminated to enable upscaling of the project activities.

Output 3.1.2: Project progress tracked effectively through project Monitoring and Evaluation (M&E).

## GENDER EQUALITY AND SOCIAL INCLUSION (GESI)

The project mainstreaming gender equality and social inclusion across all its activities to ensure the project fully recognizes the distinctive needs of women, poor, disability, and indigenous groups in the project area. The project has mainstream GESI considerations throughout the project cycle through "Gender Equality and Social Inclusion Analysis and Action Plan" aiming to provide women, and minority groups an equal opportunity to benefit from project implementation. The project will prioritizing GESI-responsive initiatives, including empowerment training, leadership development, inclusive user committee formation, information dissemination through various methods, women-friendly climate-smart technologies, and disaggregate data base management to enhance their meaningful participation in project activities.

## ENVIRONMENTAL AND SOCIAL SAFEGUARDS

The project has established three key frameworks under the Safeguards Integrated Policies and Procedures (SIPP) to ensure environmental and social safeguards:

- Environmental and Social Monitoring Framework (ESMF): Identifies and manages environmental and social risks and impacts while ensuring compliance with mitigation measures.
- Process Framework (PF): Guides community participation in identifying, designing, implementing, and monitoring project activities and mitigation strategies.
- Indigenous Peoples Planning Framework (IPPF): Establishes principles, procedures, and institutional arrangements for engaging with Indigenous Peoples (IPs) throughout the project.

Recognizing the localized nature of project activities and stakeholders, the project will identify potential environmental and social impacts and effectively implement the mitigation measures following the ESMF, PF, and IPPF.

## GRIEVANCE MECHANISMS

The project is committed to addressing concerns and complaints in a transparent, accessible, and timely manner. A Grievance Mechanism has been established to ensure that all stakeholders, including local communities, are heard and can resolve any issues related to the project's activities.

The project has developed multiple channels for submitting concerns, complaints, and suggestions, including:

- http://mawrin.bagamati.gov.np
- mawrin.mofe@bagamati.gov.np
- +977-47-590009
- Suggestion Box are also available at PMU office



©WWF Nepal/Nabin Dhungana

## PROJECT IMPLEMENTATION MODALITY

The MaWRiN Project is a joint initiative of the Ministry of Forests and Environment, Government of Nepal (Executing Agency), the Ministry of Forests and Environment, Bagmati Province (Executing Partner), and WWF Nepal, which provides technical support. Project activities and budget are implemented through the Soil and Watershed Management Office, Ramechhap, and the Division Forest Office, Marin and Sindhuli. For technical assistance, the Project Management Unit (PMU) is in Sindhuli.

## For More Information


Project Management Unit (PMU)
Kamalamai Municipality-6, Shantinagar, Sindhuli Madi
+977-47-590009
mawrin.mofe@bagamati.gov.np
http://mawrin.bagamati.gov.np